जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ अंक ७५ २०७९ साल असोज २९ गते शनिबार (15 Oct 2022 Saturday) मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***




*यस अंक भित्र :* २ पृष्ठमा : जनचेतना अभावमा... ३ पृष्ठमा : ब्राजिलमा कोभिडको उपचारका ...४ पृष्ठमा : कमजोर बन्दै नेपाली रुपैयाँ ;..

# मिटरब्याजी साहलाई पक्राउ गर्न माग गर्दै जिल्ला प्रहरी कार्यालय अगाडी नाराबाजी



**दैनिक समाचारदाता**
**राजविराज, २८ असोज ।**

सप्तरीको खडक नगरपालिका वडा नं. ७ कल्याणपुरका चर्चित मिटरब्याजी रामदेव साहलाई पक्राउ गर्न माग गर्दै शुक्रबार पीडितहरुले जिल्ला प्रहरी कार्यालय सप्तरी अगाडी नाराबाजी गर्दै प्रर्दशन गरेका छन् ।

स्थानीय शिवमन्दिर प्रांगणमा भेला भएका पीडितहरुले मिटरब्याजी साहलाई अविलम्ब पक्राउ गर, मिटरब्याज लिएर गरिब असहायलाई उठिवास गराउने साहुकार साह परिवारलाई कारवाही गर लगायतका नाराबाजी गर्दै बजार क्षेत्र परिक्रमा गर्दै जिल्ला प्रहरी कार्यालय पुगेर पीडितहरुले करिब एक घण्टा नाराबाजी समेत गरेका छन् ।

मिटरब्याजी प्रकरण अर्न्तगत ठगी तथा अपराधीक विश्वासघात मुद्दाका फरार प्रतिवादी रहेका साहलाई पक्राउ गर्न विगत तीन महिनाको अवधीमा पीडितहरुले शुक्रबार १३ औं पटक प्रदर्शन गरेका हुन् ।

यस अघि मिटरब्याजी साहबाट पीडित भएकाहरुद्वारा गठित संर्घष समितीले १२ पटक उनको पक्राउको माग गर्दै सदरमुकाम राजविराजमा प्रर्दशन गरिसकेका छन् ।

यता साहका छोरा नन्दकिशोर र छोरी अनुराधा भने तीन महिना अघि नै पक्राउ परी ठगी तथा अपराधीक विश्वासघात मुद्दामा सप्तरी जिल्ला अदालतको आदेशबाट पुर्पक्षका लागी राजविराज कारागारमा छन् ।

सो मुद्दामा फरार रहेका साहलाई खोजी गर्न प्रहरीले लागिपरे पनि हालसम्म फेला नपरेको र लुकेर वसेको हुन सक्ने सम्भावित स्थानहरुमा खोज तलास कार्य जारी राखेको प्रहरी उपरिक्षक अविनारायण काफ्लेले बताएका छन् ।

साह परिवार माथी जग्गा तथा सुनचाँदीको गरगहना बन्धकी राखेर चर्को मिटरब्याज असुली गर्ने र कतिपय ब्यक्तीले लिएको ऋण र ब्याज चुक्ता गरिसके पनि धितो फिर्ता नगरेको आरोप छ ।

# एमालेबाट प्रभु साह निष्काशित

**दैनिक समाचारदाता**
**राजविराज, २८ असोज ।**

नेकपा एमालेले स्थायी समिति सदस्य प्रभु साहलाई साधारण सदस्यसमेत नरहने गरी निष्कासित गरेको छ । उनीसँगै उपेन्द्र साह र कुन्दनप्रसाद कुशवाहलाई पनि पार्टीबाट निकालिएको छ ।

शुक्रबार एमाले महासचिव शंकर पोखरेलले साहलाई पार्टी विरोधी गतिविधि गरेको आरोपमा पार्टीको साधारण सदस्यसमेत नरहने गरी निष्कासन गरेका हुन् ।

यस्तै एमालेले मधेस प्रदेशको सहइन्चार्जको जिम्मेवारी उद्धव रेग्मीलाई दिएको छ ।

एमालेले रौतहट जिल्ला अध्यक्ष त्रिभुवन साहलगायत केही नेता पार्टीविरोधी गतिविधिमा लागेको भन्दै जिल्ला कमिटी पनि विघटन गरेको छ ।

# मधेश प्रदेशका तीन मन्त्री पदमुक्त

**दैनिक समाचारदाता**
**राजविराज, २८ असोज ।**

मधेश प्रदेशका मुख्यमन्त्री लालबाबु राउतले नेपाली कांग्रेसका तीन मन्त्रीलाई पदमुक्त गरेका छन् ।

मुख्यमन्त्री राउतको सिफारिसमा प्रदेश प्रमुख हरिशंकर मिश्रले शुक्रबार कांग्रेसका तीन मन्त्री रामसरोज यादव, ओमप्रकाश शर्मा र वीरेन्द्र सिंहलाई पदमुक्त गरेका हुन् ।

यादव भौतिक पूर्वाधार, शर्मा खानेपानी तथा ऊर्जा विकास र सिंह महिला, बालबालिका तथा युवा मन्त्री थिए । मुख्यमन्त्री राउतले तीनवटै मन्त्रालयको जिम्मेवारी आफैँले राखेका छन् ।

केन्द्र सरकारले बिहीबार जसपाबाट मन्त्री बनेका चारजनालाई पदमुक्त गरेको रिसमा शुक्रबार मधेस प्रदेशका मुख्यमन्त्री राउतले कांग्रेसका तीन मन्त्रीलाई पदमुक्त गरेर काँग्रेसलाई जवाफ दिएका हुन् । प्रधानमन्त्री शेरबहादुर देउवाले बिहीबार जसपाका राजेन्द्र श्रेष्ठ, मोहम्मद इस्तियाक राई, प्रदीप यादव र मृगेन्द्रकुमार सिंहलाई पदमुक्त गरेका थिए ।

मुख्यमन्त्री राउतले काँग्रेसका तीनै मन्त्रीलाई राजिनामा दिन आग्रह गरेका थिए । तर उनीहरु चुनावी प्रचार प्रसारमा व्यस्त रहेको बहाना बनाएर राजीनामा दिएनन् । त्यसपछि मुख्यमन्त्री राउतले उनीहरुलाई बर्खास्त गरेको बुझिएको छ ।

# आचारसंहिता अनुगमन गर्न अनुसन्धान विभागलाई दिएकोप्रति महासंघको असहमति

काठमाडौँ, २८ असोज (रासस) ।

नेपाल पत्रकार महासंघले निर्वाचन आयोगले निर्वाचन आचारसंहिता अनुगमन गर्ने जिम्मेवारी राष्ट्रिय अनुसन्धान विभागलाई दिएकोप्रति असहमति जनाएको छ । महासंघले निर्वाचन आचारसंहिताअन्तर्गत पत्रकार तथा सञ्चारमाध्यमका लागि उल्लेख आचारसंहितासमेत पालना भए-नभएको अनुगमन गर्ने जिम्मा आयोगले विभागलाई दिएकोप्रति असहमति जनाएको हो ।

आचारसंहिताको पालना गरे नगरेको अनुगमन गर्ने काम प्रेस काउन्सिल नेपालले गर्दै आएको छ । "नेपाली सञ्चारजगत्ले स्वनियमनको सिद्धान्तअनुसार सञ्चार क्षेत्र आफैँले बनाएको आचारसंहिता पालना गर्दै आइरहेकोतर्फ आयोगको ध्यानाकर्षण गराउँदै विभागमार्फतको अनुगमन नेपाली सञ्चार क्षेत्रलाई मान्य नहुने कुरा प्रष्ट पार्न चाहन्छौँ", महासङ्घद्वारा शुक्रबार जारी विज्ञप्तिमा भनिएको छ ।

यसैगरी आयोगले चुनाव प्रचार/प्रसारसम्बन्धी विज्ञापनको विषयमा अनलाइन सञ्चारमाध्यमप्रति विभेद गरिएकामा पनि महासंघको ध्यानाकर्षण भएको छ । महासंघले लोकतन्त्रमा सबै सञ्चारमाध्यमको भूमिका समान हुने जनाउँदै संवैधानिक आयोगबाटै भएको विभेद आपत्तिजनक हुने

***बाँकी अन्तिम पृष्ठमा***

## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध बनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२,**
**www.janajyoticoop.com.np**

## हार्दिक मंगलमय शुभकामना



**२०७९ सालको विजयादशमी, दिपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण शेयर सदस्य, कर्मचारी, नगरवासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**

**भुपेन्द्र प्रसाद यादव**
**अध्यक्ष, तथा**
**समाज सुधार बचत तथा ऋण सहकारी संस्था लि.**
**संचालक समिति परिवार**
**राजविराज ८, सप्तरी**

## सम्पादकीय

### छापा माध्यमप्रति ध्यान पुगोस्

अहिले मुलुकमा पत्रकारिताको विकासले निकै फड्को मारेको छ। पत्रकारिता विभिन्न माध्यमले गर्ने हुनाले यसको विकासमा कुनै रोकावट छैन्। हाल इलोक्ट्रोनिक्स मिडियाले त पत्रकारितामा बाढी नै ल्याएको छ। विभिन्न सामाजिक संजाल, वेवसाइट, ट्वीटर, इन्स्टेग्राम लगायत रेडियो, टिभी र एफएमका कारण पत्रकारिता क्षेत्रले नयाँ फड्को मारेको छ। जो कोही पनि पत्रकार बनेका छन्। यी इलेक्ट्रोनिक्स माध्यमले अहिले घर घरमा पत्रकार बन्ने होड नै चलेको छ। कुनै पनि सूचना प्रवाह एकै सेकेन्डमा ब्रेक हुने गरेको छ। तर, यी माध्यमबाट सूचना ब्रेक हुँदा त्यसको सत्यतथ्य, समाचारको ब्यालेन्समाथी प्रश्न चिन्ह समेत खडा हुने गरेको छ। हतार हतारमा समाचार ब्रेक गर्ने कारणले समाचारको विश्वसनियता माथी शंका उब्जने गरेको छ।

यस्तै समाचारको पुरानो र दरो माध्यम हो छापा अर्थात प्रिन्ट मिडिया। यो मिडिया अहिले ओभ्फेलमा परेको छ। आज दिनभरको समाचार अर्को दिन बिहान प्रकाशन हुने यस माध्यम विश्वासिलो भएपनि यसको पाठकहरु घट्दै गएको छ। तर यस माध्यमबाट प्रकाशन हुने समाचारको इलेक्ट्रोनिक्स माध्यम भन्दा बढी विश्वासिलो रहने गरेको छ। छापा माध्यम सबै भन्दा बढी समाचारको भरपर्दो श्रोत हो। छापा माध्यम निकै खर्चिलो पनि हुने गरेको छ। यसमा समाचार संकलनदेखी कागजको तथा छाप्ने प्रविधिको पनि जोहो गर्नु पर्ने हुन्छ। जुन अहिले निकै महँगो भएको छ।

तसर्थ अहिले सूचना दिने माध्यम अनेकौं भएपनि यसको विश्वासिलो माध्यम छापा माध्यम नै रहेकोले यसलाई जोगाई राख्न सम्बन्धी निकायको ध्यान जानु अतिआवश्यक रहेको छ।

# जनचेतना अभावमा अण्डा खपत कम

चितवन, २८ असोज (रासस)।

स्वास्थ्यका दृष्टिले महत्वपूर्ण प्रोटिनको स्रोत मानिने अण्डा जनचेतनाको अभावमा खपत कम भएको छ। अण्डामा गुणस्तरीय प्रोटिन, भिटामिन, खनिज तत्व, ठिक्क मात्रामा चिल्लो पदार्थ पाइने भएर पनि यसको खपत भने कम भएको हो।

विज्ञका अनुसार मानिस शरीरले सजिलैसँग शोषण हुने एकमात्र खाद्यवस्तु अण्डा हो। यसमा मुख्यरुपमा गुणस्तरीय प्रोटिन, भिटामिन ई, ए, के, बि १, बि २, बि ३, बि ६, बि ९, बि १२ खनिज तत्वहरु फोस्फोरस, पोटासियम, क्याल्सियम, म्याग्नेसियम, आइरनका साथै चिल्लो पदार्थ पनि ठिक्क मात्रामा पाइन्छ। यी तत्वले मान्छेको शरीरमा मांशपेशी र दिमागको पर्याप्त वृद्धि विकास, स्नायु र मुटुसम्बन्धी तथा अन्य शारीरिक र मानसिक कार्य समानरुपले चलाउन महत्वपूर्ण भूमिका खेल्दछ।

वरिष्ठ फिजिसियन डा महेन्द्र अग्रहरी प्रोटिनको सबैभन्दा राम्रो स्रोत अण्डा भएको बताउनुहुन्छ। अण्डामा प्रोटिन, क्यालोरी र मिनिरल्स पाइने उहाँको भनाइ छ। यो अण्डाको सेतो भागमा धेरै पाइन्छ। पहेलो भागमा कोलेस्ट्रोल र मिनिरल्स पाइन्छ। उहाँ बच्चालाई कोलेस्ट्रोल पनि चाहिने हुँदा पहेलो भाग खुवाउनुपर्ने बताउनुहुन्छ। कोलेस्ट्रोल, मधुमेह र उच्च रक्तचाप भएकालाई पहेँलो भाग नखान उहाँको सुझाव छ।

मादक पदार्थ धेरै खाएर प्रोटिनको मात्रा घटेका, कलेजोमा समस्या देखिएकाले प्रोटिन बढाउने मुख्य माध्यम अण्डा भएको डा अग्रहरीको भनाइ छ। उहाँले भन्नुभयो, “अण्डाले कलेजो र शरीरमा थिग्रिएको पानीलाई सोस्न सहयोग गर्छ।” बयस्क र बच्चाका लागि दैनिक कम्तीमा एउटा अण्डा खानुपर्ने उहाँको सुझाव छ।

शारीरिक विकास, मानसिक वृद्धि सबैमा अण्डा उपयोगी हुने उहाँको भनाइ छ। उहाँले भन्नुभयो, “मानिसलाई बुझाउन नसक्दा अण्डाको उपयोग कम छ।” यसका लागि उपयुक्त माध्यम जनचेतना नै भएको उहाँ बताउनुहुन्छ।

विश्वको तुलनामा नेपालमा अण्डाको उपभोग निकै कम छ। नेपाल पशु चिकित्सक परिषद्का उपाध्यक्ष, वरिष्ठ पशु चिकित्सक डा सुवीर सिंह एशियाका मानिसले वार्षिक एक सय ८० अण्डा उपभोग गर्नुपर्ने भए पनि नेपालमा यो दर ६१ मात्रै रहेको बताउनुहुन्छ। जापानमा यो दर तीन सय ६२ रहेको उहाँले जानकारी दिनुभयो। मानिसमा आवश्यक जनचेतनाको अभावका कारण खपत बढ्न नसकेको सिंह बताउनुहुन्छ।

उहाँले भन्नुभयो, “बेमौसमी काउलीभन्दा अण्डा सस्तो छ, तर बुझाउन नसक्दा खपत हुन सकेन।” प्रोटिनको मुख्य स्रोत अण्डा निकै सस्तो भएर पनि उपभोग बढाउन नसकिएको उहाँको भनाइ छ।

नेपालमा सबैभन्दा धेरै अण्डा उत्पादन गर्दै आएको दाउन्ने कर्पोरेटका कार्यकारी निर्देशक विनोद पोखरेल सरकारी तवरबाट अण्डाको महत्वका बारेमा आम नागरिकलाई बुझाउन नसक्दा खपत नबढेको बताउनुहुन्छ। निजी क्षेत्रले लागत मूल्य बढी भएकाले जनचेतनामूलक काम गर्न नसकेको भन्दै उहाँले नेपालमा आत्मनिर्भर यो व्यवसायलाई टिकाउनका लागि सरकारी तवरबाट काम हुनुपर्ने बताउनुभयो।

कोरोनाका बेला अण्डाको उपभोग निकै बढेको भन्दै उहाँले यसको महत्वका बारेमा आम नागरिकलाई बुझाउनुपर्ने बताउनुभयो। नेपालमा ठूला फार्म खुलेका जनाउँदै उहाँले व्यवसाय आत्मनिर्भर बनाउन सरकार र निजी क्षेत्र सहकार्य गर्नुपर्नेमा जोड दिनुभयो।

नेपाल अण्डा उत्पादक सङ्घका केन्द्रीय अध्यक्ष शिवराम केसीको भनाइमा अहिले दैनिक ४८ देखि ५० लाख अण्डा उत्पादन हुँदै आएको छ। सङ्घमा आबद्ध फार्म मात्रै एक हजार दुई सय छन्। सङ्घमा दर्ता नभएका साना फर्म तीनगुणा बढी भएको उहाँ बताउनुहुन्छ। दुई लाखभन्दा बढीलाई प्रत्यक्ष र अप्रत्यक्षरुपमा रोजगारी यसले दिएको छ। समग्र पोल्ट्री क्षेत्रमा नेपालमा रु एक खर्ब ५० अर्बभन्दा बढी लगानी रहेको तथ्याङ्क छ। त्यसको झण्डै आधा अण्डा उत्पादन क्षेत्रमा लगानी भएको उहाँले जानकारी दिनुभयो। यद्यपि उचित प्रचारप्रसारको कमीका कारण उपभोग बढाउन नसकिएको उहाँ बताउनुहुन्छ।

मानिसमा क्रयशक्तिमा कमि आउँदा प्राथमिकतामा अण्डा पर्न नसकेको उहाँको भनाइ छ। नागरिकलाई बुझाउन सकेमा मानवीय स्वास्थ्यका लागि अण्डाको खपत बढाउन सकिने केसी बताउनुहुन्छ।

# खेलाडीको भाग्य र भविष्य तय गर्ने महत्वपूर्ण अवसर

गण्डकी, २८ असोज (रासस)।

पूर्व अन्तर्राष्ट्रिय बक्सिङ खेलाडी गणेशबहादुर भट्टराई ३९ वर्ष अघि २०४० सालमा पोखरामा सम्पन्न दोस्रो राष्ट्रिय खेलकुद प्रतियोगिताको दर्शक हुनुहुन्थ्यो।

शुक्रबार त्यही पोखरामा चार दशकपछि नवौँ राष्ट्रिय खेलकुदको भव्य समारोहबीच औपचारिक उद्घाटन हुँदैछ। तत्कालीन समयमा दर्शकका रुपमा रङगशालामा आउनुभएका भट्टराईलाई त्यही प्रेरणाले अन्ततः अन्तर्राष्ट्रिय खेलाडीका रुपमा स्थापित गऱ्यो।

निरन्तरको अभ्यास र लगावका कारण राष्ट्रिय एवं अन्तर्राष्ट्रियस्तरका बक्सिङ प्रतियोगितामा आफूलाई अब्बल साबित गर्न सफल भट्टराई सन् १९९० मा पाकिस्तानमा सम्पन्न चौथो दक्षिण एशियाली खेलकुदका ‘सिल्भर मेडलिस्ट’ हुनुहुन्छ।

उहाँ सन् १९८९, १९९० र १९९१ मा लगातार बक्सिङमा राष्ट्रिय च्याम्पियन बन्नुभएको थियो। सन् १९८७ मा पहिलो पटक जुनियर राष्ट्रिय प्रतियोगितामा सहभागी भएका उहाँले पहिलो सहभागितामा नै जुनियर च्याम्पियनको उपाधि हासिल गर्दै स्वर्ण पदक जित्नुभएको थियो। सन् १९८८ मा पनि जुनियर राष्ट्रिय च्याम्पियनसीपमा उहाँले स्वर्ण पदक जित्नुभएको थियो।

नेपालले सन् १९९८ मा काठमाडौँमा भएको दक्षिण एशियाली खेलकुद(साग) मा दुई स्वर्ण, पाँच रजत र दुई कास्य पदक जित्दा उहाँ नेपाली टोलीको व्यवस्थापक हुनुहुन्थ्यो। फुटबल खेलसँगसमेत संलग्न भट्टराईले अखिल नेपाल फुटबल सङ्घ (एन्फा)को केन्द्रीय सदस्य हुँदै उपमहासचिवसम्मको जिम्मेवारी निर्वाह गरिसक्नुभएको छ।

प्रत्येक राष्ट्रिय खेलकुद प्रतियोगिता खेलाडीको भाग्य र भविष्य निर्धाण गर्ने महत्वपूर्ण अवसरका रुपमा रहने भट्टराई बताउनुहुन्छ। “यस्ता प्रतियोगिताले राष्ट्रिय खेलाडी तयार गर्नका लागि विशिष्ट योगदान गर्दछन्”, उहाँले भन्नुभयो, “प्रत्येक खेलाडीले प्रतियोगितामा आफूलाई योग्य साबित गर्दै खेल क्षेत्रको भविष्यका लागि अघि बढाउने यो महत्वपूर्ण अवसर हो।”

बाँकी अन्तिम पृष्ठमा


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569





डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग
सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774
Mo. No : 9819721526, 9852820734

दर्ता नं. ३८२/२०७१/०७२
प्यान नं. : ६०३८८०३५९

# माय जलपा बचत तथा ऋण सहकारी संस्था लि.

**MY JALPA SAVING & CREDIT CO-OPERATIVE LTD**

इटहरी विष्णुपुर-९, सप्तरी, नेपाल

E-Mail: myjalpasaving@gmail.com Pho.031-522259

पत्र संख्या :०७९/०८०
चलानी नं. :

मितिः२०७९/०६/२८ गते

## धितोमा रहेको सम्पती लिलाम बिक्री गर्ने बारे ३५ दिने अत्यन्त जरूरी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७९/०६/२८ गते

तपशिलमा उल्लेखित ऋणी यस माय जलपा बचत तथा ऋण सहकारी संस्था लि. ईटहरी विष्णुपुर-९,सप्तरी बाट उपभोग गरेको कर्जाको सावाँ, व्याज र हर्जना रकम तिर्न बुझाउन पर्नेमा नबुझाई कर्जा सम्बन्धी शर्त तथा बन्देजहरु उल्लंघन गरेकाले सो सम्बन्धमा मौखिक तथा लिखित सुचना र पत्रद्वारा ताकेता गर्दा तथा मिति २०७९/०६/२९ गतेको **राजविराज दैनिक पत्रिकामा** कर्जा चुक्ता गर्नको लागि ३५ (पैतिस) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत संस्थाले तिर्न बुझाउनु पर्ने कर्जाको साँवा, व्याज, हर्जना तथा अन्य दै दस्तुरको रकम समेत चुक्ता भुक्तानी नगरी बाँकी रहेको हुनाले संस्थालाई ऋण सुरक्षण बापत लेखाई दिएको तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पती लिलाम बिक्रि गरी बैकको सम्पूर्ण लेना रकम असुल उपर गरी लिनका लागि यो धितो लिलाम बिक्री सम्बन्धि ३५ दिने सूचना प्रकाशित गरिएको छ । अतः उल्लेखित म्याद भित्र तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पती लिलाम बिक्रीमा सहभागी हुन र बोलपत्र खरिद गरी लिन इच्छुक संघ/संस्था, फर्म, कम्पनी तथा सर्वसाधारण महानुभावहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र आफुले कबोल गरेको रकम सहितको गोप्य शिलबन्दी बोलपत्र पेश गर्नहुन अनुरोध गर्दछौं । लिलाम बिक्रीमा सो सुरक्षण धितो सम्पती कसैले नसकारेमा वा रितपूर्वक बोलपत्र नपरेमा बैक तथा वित्तीय संस्था सम्बन्धि ऐन, सहकारी ऐन २०७४ तथा प्रचलित कानुन बमोजिम धितो सुरक्षण सम्पति यस संस्थाले आफैले सकार गरी लिने व्यहोरा समेत सम्बधित सबैलाई जानकारी गराईन्छ । धितो लेखि दिएको सम्पति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दा साविकमा बैंकबाट भएको मुल्याङकन भन्दा कम मुल्यमा बिक्री भयो वा मेरो/हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैक आफैले सकार गरी लियो भनी कही कतै उजुर बाजुर गर्न पाउने छैन । साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्रीबाट पनि यस बैंकको सम्पूर्ण लेना रकम असूल उपर नभएमा सम्बन्धित ऋणी संस्था तथा जमानीकर्ताहरुको अन्य चल अचल जायजेथा सम्पतिबाट समेत असुल उपर गरी लिने र ऋणी तथा जमानीकर्तालाई बैक तथा वित्तीय संस्था सम्बन्धि ऐन बमोजिम कालो सूचीमा समावेश गरिने व्यहोरा यसै सूचनाद्वारा सुचित गराईन्छ ।

**तपसिल**

धितो लिलाम बिक्रिको शर्त तथा बन्देजहरुः

| क.स. | जग्गा धनीको नाम | ठेगाना | कित्ता नं. | क्षेत्रफल | फोटो |
|---|---|---|---|---|---|
| १. | नामः लक्ष्मी देवी राय<br>बुवाः रितीलाल राय<br>बाजेः सियाला राय | इटहरी विष्णुपुर-६क<br>इटहरी विष्णुपुर-६क | ४४<br>१३०३ | ०-०-१२<br>०-०-८ १/२ |  |
| २. | नामःचौठी राय<br>बुवाः कुकुरु राय<br>बाजेः ......... | विष्णुपुर गा.पा.-६ | ९५ | ०-५-० |  |
| ३. | नामः लिला राय<br>बुवाः रामचन्द्र राय<br>बाजेः शंकर राय | इटहरी विष्णुपुर-६क | १३०४ | ०-१-१ १/२ |  |

समूह लगानीमा ऋण नतिरेको ऋणीहरुको नाम यस प्रकार रहेका छन्

| क.स. | ऋणी नाम | ठेगाना | फोटो |
|---|---|---|---|
| १. | नामः बैचनी देवी यादव<br>बुवाः गुदर यादव<br>बाजेः अनुप यादव | राजविराज न.पा.-६<br>खर्साल टोल |  |
| २. | नामःरेणु देवी दास<br>बुवाः हरि नारायण दास<br>बाजेः सुभक दास | राजविराज न.पा.-६<br>खर्साल टोल |  |
| ३. | नामः सविता देवी साह<br>बुवाः राम नरेश साह<br>बाजेः भरत साह | राजविराज न.पा.-६<br>खर्साल टोल |  |
| ४. | नामः अनुरागी देवी शर्मा<br>बुवाः रामफल शर्मा<br>बाजेः नेवालाल शर्मा | राजविराज न.पा.-६<br>खर्साल टोल |  |
| ५. | नामः रेणु देवी झा<br>बुवाः हरेराम झा<br>बाजेः राम नारायण झा | राजविराज न.पा.-६<br>खर्साल टोल |  |
| ६. | नामः गुलशन खातुन<br>बुवाः नबुदा मोहम्मद<br>बाजेः मो. मबिबुल | राजविराज न.पा.-९<br>विहारपुर टोल |  |

**व्यवस्थापक**
**धिरेन्द्र कुमार झा**

# विश्व समाचार

## ब्राजिलमा कोभिडको उपचारका क्रममा चार हजार पाँच सय स्वास्थ्यकर्मीको निधन

साओ पाओलो, २८ असोज (रासस/सिन्हवा) ।

ब्राजिलमा कोभिड १९ विरुद्धको संघर्षका क्रममा कम्तीमा पनि चार हजार पाँच सय जनाको ज्यान गएको छ । जनस्वास्थ्यसम्बन्धी एक विश्व संस्थाले गरेको अनुसन्धानबाट यो तथ्य खुलेको हो । सो संस्थाले गरेको अनुसन्धानबाट ब्राजिलमा कोभिड १९ को उपचारमा खटेका स्वास्थ्यकर्मीमा चार हजार पाँच सय जनाको ज्यान गएको पाइएको हो । पब्लिब सर्भिस् इन्टरनेशसन (पिएसआइ) ले गरेको एक विश्वव्यापी अनुसन्धानमा ब्राजिलमा मात्र चिकित्सक, नर्स र कोभिडको उपचारमा खटेका अन्य स्वास्थ्यकर्मीहरुमा चार हजार पाँच सयको ज्यान गएको पाइएको हो । ती स्वास्थ्यकर्मीहरुको सन् २०२० को डिसेम्बेरदेखि सन् २०२१ मा गरेर ज्यान गएको हो । यो समय ब्राजिलमा कोभिड १९ को एक उच्च तहमा महामारी पुगेको समय हो । यसरी ज्यान जानेमा एक हजार एक सय ८४ जना नर्स रहेका छन् । उनीहरु ब्राजिलमा कोभिड १९ महामारी उच्च बिन्दु पुगेका बेला कार्यरत रहेका थिए । ब्राजिल कोभिड १९ बाट संयुक्त राज्य अमेरिकापछि सबैभन्दा बढी मानिसहरुको निधन भएको देश हो । यहाँ छ लाख ८७ हजारजनाभन्दा बढीको ज्यान गएको छ । कोभिडबाट सबैभन्दा बढी संक्रमित भएका देश भारत र अमेरिका हुन् । तर कोभिडबाहु भएको मृत्यु दर अमेरिका र ब्राजिलका तुलनामा भारतमा भने कम छ । पिएसआइले विश्वका एक सय ५४ देशका करिब तीन करोड स्वास्थ्यकर्मीमा यो अनुसन्धान गरेको जनाएको छ । यसका लागि सो संस्थाले स्वास्थ्यसम्बन्धी विश्वका सात सयजति ट्रेड युनियन संस्थाहरु पनि जम्मा पारेको बताएको छ ।

## इराकको राष्ट्रपतिमा रशिद निर्वाचित

बग्दाद, २८ असोज (रासस/एएनआई) ।

इराकको राष्ट्रपतिमा कुर्द राजनीतिज्ञ अब्दुल लाटिफ रशिद निर्वाचित हुनुभएको छ । संसदमा बिहीबार भएको मतदानपछि उहाँ राष्ट्रपतिमा निर्वाचित हुनुभएको सभामुखले घोषणा गर्नु भएको थियो । नयाँ राष्ट्रपति चयनका लागि संसदमा दुई पटक मतदान भएको थियो । देशमा नयाँ राष्ट्रपति चयन गरिएसँगै इराकमा रहेको राजनीतिक गतिरोध अन्त्य हुन लागेको विश्वास गरिएको छ । नवनिर्वाचित राष्ट्रपति रशिदले वर्तमान राष्ट्रपति बर्हाम सालेहलाई विस्थापित गर्नुहुनेछ । रशिदले उहाँलाई नै पराजित गर्नु भएको हो । मतदानमा सहभागी सांसदहरु मध्ये १६० जनाले नवनिर्वाचित राष्ट्रपति रशिदलाई समर्थन गरेका थिए भने ९९ जनाले सालेहलाई मतदान गरेका थिए । नयाँ राष्ट्रपति चयन गर्न इराकको संसद यसअघि दुई पटक सम्म असफल भएको थियो । अहिले ७८ वर्ष उमेर पुग्नु भएका रशिद यसअघि सन् २००३ देखि २०१० सम्म जलश्रोत मन्त्री हुनुभएको थियो ।

## डुङ्गा डुब्दा आठ बालबालिकाको मृत्यु

नोमपेन्ह, २८ असोज (रासस/एएफपी) ।

कम्बोडियामा अंग्रेजी कक्षाबाट घर लैजादै गरेको डुङ्गा मेकोङ नदीमा डुब्दाँ कम्तीमा आठ बालबालिकाको मृत्यु हुनुको साथै अन्य तीन जना बेपत्ता भएका प्रहरीले शुक्रबार जनाएको छ । सानो डुङ्गामा क्षमता भन्दा बढी व्यक्ति सवार रहेको कारण दक्षिणपूर्वी कान्डल प्रान्तमा आफ्नो गन्तव्यबाट करिब ५० मिटर टाढा डुबेकोस्थानीय प्रहरी प्रमुख एम थाउले एएफपीलाई बताउनु भएको छ । 'यो दुखद दुर्घटना आठ विद्यार्थीको मृत्यु भएको छ र तीन विद्यार्थीहरू पानीमा डुबेर बेपत्ता छन्' थाउले भन्नु भएको छ । पीडितहरू १२ देखि १५ वर्षका रहेका जनाइएको छ । दुई वयस्क ,डुङ्गा सञ्चालक र दुई विद्यार्थीको उद्धार गरिएको उहाँले बताउनु भएको छ । एक फेसबुक पोस्टमा, प्रधानमन्त्री हुनसेनले आफ्नो शोक व्यक्त गर्दै मेकोङको बढेको भारी बाढीको समयमा मानिसहरूलाई सतर्क रहन आग्रह गर्नु भएको छ । डुङ्गा दुर्घटनाहरु दक्षिणपूर्वी एसियाली राष्ट्रहरूमा सामान्य छन् । नदीको किनारमा बस्ने मानिसहरू यातायातको प्रमुख साधनको रुपमा डुङ्गा रहेको छ ।

## नाइजेरियाली विश्वविद्यालयका प्राध्यापकहरुको आठ महिनाको हडताल अन्त्य

लागोस, २८ असोज (रासस/एएफपी) ।

नाइजेरियाका विश्वविद्यालयका प्राध्यापकहरूले शुक्रबार तलब र अन्य सुविधाहरुलाई लिएर आठ महिनाको हडताल अन्त्य गरेका छन् । युनिभर्सिटीको एकेडेमिक स्टाफ युनियन (एएसयुयु ) ले गरेको हडतालले सरकारसँग युद्धविरामका लागि वार्ता गरे पनि फेब्रुअरी १४ देखि सङ्घीय सरकारको स्वामित्वमा रहेका विश्वविद्यालयहरू बन्द गरेको हो ।एएसयुयुले ट्विटरमा विवरण नदिई 'हडताल स्थगित गरेको' घोषणा गर्‍यो । युनियनका वकिल फेमी फलानाले एएफपीलाई लामो समयदेखि बन्द हडताल अन्त्य गर्ने निर्णय बिहीबार ढिलो गरिएको बताइन् । 'निर्णय हिजो राती लिइएको थियो। एएसयुयुले शुक्रबार बिहान अबुजामा एक प्रेस सम्मेलन गरी आधिकारिक रूपमा निर्णय घोषणा गर्नेछ' नाइजेरिया, एक सङ्घीय इकाई, ३६ राज्यहरू र प्रशासनिक राजधानी अबुजा समावेश गर्दछ । पछिल्लो हडताल एएसयुयुद्वारा दोस्रो सबैभन्दा लामो थियो ।

# कमजोर बन्दै नेपाली रुपैयाँ : अमेरिकी डलरको मूल्य हालसम्मकै उच्च

काठमाडौँ, २८ असोज (रासस)।

अमेरिकी डलरको मूल्यमा लगातार उकालो लागेको छ। डलरको तुलनामा नेपाली मुद्रा हालसम्मकै कमजोर बनेको छ। विश्व बजारमा अमेरिकी डलर बलियो भएसँगै नेपाली मुद्राको भाउ अवमूल्यन भएको हो।

नेपाली मुद्राको भारतीय रुपैयासँग स्थिर विनिमय दर रहेको छ। अमेरिकी डलर बलियो बनेसँगै भारुको मूल्य खस्कँदा त्यसको असर नेपाली मुद्रालाई पर्ने गरेको हो। यसले नेपाली मुद्रालाई थप कमजोर बनाएको छ। नेपाल राष्ट्र बैंकले शुक्रबारका लागि तय गरेको मूल्यअनुसार एक अमेरिकी डलरको खरिददर एक सय ३१ रुपैयाँ ४६ पैँसा रहेको छ भने बिक्रीदर एक सय ३२ रुपैयाँ छ पैसा तय गरिएको छ।

त्यस्तै युरोको खरिद मूल्य एक सय २७ रुपैयाँ ७७ पैसा र बिक्री मूल्य एक सय २८ रुपैयाँ ३५ पैसा रहेको छ। पछिल्लो समय अमेरिकी डलरको मूल्य लगातार उकालो लाग्दा मुलुकको अर्थतन्त्रमासमेत नकारात्मक असर पर्ने देखिएको छ। विप्रेषण आय, पर्यटन क्षेत्रको आय तथा निर्यात व्यापारमा भने डरल बलियो बन्दा अर्थतन्त्रमा सकारात्मक असर रहन्छ। तर, नेपालको वैदेशिक व्यापारमा निर्यातका तुलनामा आयात उच्च हुँदा त्यसको भुक्तानी डलरमा हुने र यसले व्यापार घाटा झनै बढ्ने हुन्छ।

जसले शोधनान्तरस्थिति र विदेशि मुद्रा सञ्चितिमासमेत नकारात्मक असर पार्छ। त्यस्तै डलरको भाउ बढ्ने वित्तिकै आयात हुने विदेशी सामानको मूल्य बढ्ने, इन्धनको मूल्य बढ्न सक्ने, नेपालले विदेशी ऋणको सावाँ र ब्याजको परिणाम डलरको भाउ बढेसँगै बढ्ने हुन्छ।

# मतदाता शिक्षालाई बृहत्तर बनाइने

काठमाडौँ, २८ असोज (रासस)।

निर्वाचन आयोगले आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचनलाई लक्षित मतदाता शिक्षालाई बृहत्तर बनाउने तयारी गरेको छ।

आयोगको कार्यालय बहादुर भवनमा शुक्रबार मतदाता शिक्षाका लागि आयोजित 'मुख्य प्रशिक्षक प्रशिक्षण' कार्यक्रमको उद्घाटन गर्दै निर्वाचन आयुक्त डा जानकीकुमारी तुलाधरले प्रशिक्षण प्राप्त गरेपछि प्रशिक्षार्थीले मतदातामा व्यापक जागरण ल्याउन भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गर्नुभयो।

"निर्वाचन स्वच्छ, स्वतन्त्र, निष्पक्ष र मितव्ययी बनाउनमा जनशक्तिको भूमिका महत्वपूर्ण हुन्छ", आयुक्त डा तुलाधरले भन्नुभयो, "यो भूमिकामा यहाँ सक्रिय हुनुहुन्छ भन्ने विश्वास मैले लिएकी छु।" उहाँले मतदातालाई सुसूचीत बनाउने आयोगको जिम्मेवारी पूरा गर्दै जनस्तरसम्म मतदाता शिक्षालाई मिहीन ढङ्गले बुझाउनुपर्ने बताउनुभयो।

आयोगका सचिव गोकर्णमणि दुवाडीले मतदातालाई मतादान केन्द्रसम्म ल्याएर बढीभन्दा बढी मतदान गराउन र बढीभन्दा बढी सदर मत गराउन प्रशिक्षण कार्यक्रम सहयोगी हुने विश्वास व्यक्त गर्नुभयो।

# दल र उम्मेदवारबारे दुष्प्रचार नगर्न काउन्सिलको अपिल

काठमाडौँ, २८ असोज (रासस)।

प्रेस काउन्सिल नेपालले राजनीतिक दल तथा उम्मेदवारका बारेमा आधारहीन, अप्रमाणित तथ्यलाई लिएर विभिन्न टीकाटिप्पणी, आरोपप्रत्यारोप, दुष्प्रचार र चरित्रहत्या हुने किसिमले सामग्री सम्प्रेषण नगर्न सम्पूर्ण सञ्चारमाध्यम र पत्रकारलाई आग्रह गरेको छ।

आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनका सन्दर्भमा शुक्रबार एक प्रेस विज्ञप्ति जारी गरी काउन्सिलका वरिष्ठ प्रशासकीय अधिकृत एवं प्रवक्ता दीपक खनालद्वारा जारी प्रेस विज्ञप्तिमा भनिएको छ, 'सञ्चारमाध्यमलाई गलत समाचार, दुष्प्रचार र घृणास्पद (द्वैषपूर्ण) अभिव्यक्ति प्राप्त हुन सक्दछन्। मिथ्या, दुष्प्रचारयुक्त सामग्रीको तथ्यगत परीक्षण गर्न, यस्ता अभिव्यक्तिलाई स्थान नदिन र कसैको पक्ष वा विपक्ष हुने एवं राजनीतिक दल वा उम्मेदवारको चरित्रहत्या हुने सामग्री सम्प्रेषण हुन नदिनतर्फ सञ्चारमाध्यम सदैव सजग हुनुपर्दछ।'

'समाजलाई मार्गप्रशस्त गराउने विशिष्ट भूमिकामा रहेको पत्रकारजगत्बाट नै कुनै दल विशेष वा उम्मेदवारलाई मतआह्वान गर्ने, राजनीतिक दल एवं उम्मेदवारको प्रचारप्रसारलाई प्रश्रय दिँदै शेयर र कमेन्ट गर्ने एवं स्टाटस लेख्ने, अपिल गर्ने, सामाजिक सञ्जालसमेतबाट पक्ष विपक्षमा कुनै सन्देश, सूचना प्रवाह गर्ने कार्य पत्रकारिताको व्यावसायिक मर्यादा एवं पत्रकार आचारसंहिताविपरीत हुने हुँदा सञ्चारमाध्यम, पत्रकार एवं पत्रकारितासँग सम्बन्धित संस्थाबाट यसप्रकारका गतिविधि नगर्न/नगराउन अपिल गरिन्छ', प्रेस विज्ञप्तिमा भनिएको छ।

यस्तो कार्यले स्वतन्त्र पत्रकारितामाथि नै गम्भीर प्रश्न उठ्ने हुँदा यस्तो कार्य नगर्न/नगराउन र मतदाता शिक्षा एवं निर्वाचनसँग सम्बन्धित समाचार सामग्री प्राथमिकतासाथ सम्प्रेषण गर्न पनि प्रेस काउन्सिल नेपालले सम्बन्धित सञ्चारमाध्यम, पत्रकार, सञ्चारकर्मी, सामाजिक सञ्जालका प्रयोगकर्तालाई आग्रह गरेको छ।

यस्तै कुनै सञ्चारमाध्यमबाट सम्प्रेषित समाचारमा चित नबुझेमा वा सञ्चारमाध्यम तथा पत्रकारले पत्रकार आचारसंहिताविपरीत कार्य गरिरहेको पाइएमा वा कुनै जनगुनासो भएमा काउन्सिलमा सम्पर्क गर्ने, उजुरी दिने व्यवस्था रहेको र आचारसंहिता पालना भए/नभएको विषयमा सूक्ष्मरूपमा अनुगमन भइरहेको विज्ञप्तिमा उल्लेख छ।

## खेलाडीको भाग्य...

प्रत्येक युवालाई खेलमा आकर्षित गर्नु जरुरी रहेको उल्लेख गर्दै उहाँले राष्ट्रिय खेलकुद भइरहेको अवस्थामा पोखरा र आसपासका अभिभावकले आफ्ना बालबच्चालाई रङ्गशालामा ल्याएर खेल देखाउनुपर्ने बताउनुभयो। पछिल्ला समयमा युवा विद्यार्थीमा मोबाइलमा झुम्मिने लतका कारण सिर्जनात्मकतामा कमी आउँदै गएको र कतिपय लागुऔषध जस्ता दुर्व्यसनीमा फसिरहेको जनाउँदै उनीहरूलाई स्वस्थ राख्नका लागि खेलप्रतिको लगाव बढाउनु जरुरी भएको उहाँको भनाइ छ।

युवालाई अनुशासित बनाउन पनि खेलको महत्व रहेको उहाँले बताउनुभयो। नेपाली खेलकुदका क्षेत्रमा अझै धेरै विकृति विसङ्गति कायमै रहे पनि त्यसलाई हटाउँदै खेलको विकास गर्नु जरुरी रहेको उहाँको भनाइ छ।

पोखरामा हुँदै गरेको नवौँ राष्ट्रिय खेलकुदले ठूलो सङ्ख्याका खेलाडीको भाग्य र भविष्य तय गर्ने जनाउँदै उहाँले यो नयाँ राष्ट्रिय खेलाडी तयार गर्ने महत्वपूर्ण अवसर भएको बताउनुभयो। सात प्रदेशसहित नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी गरी तीन विभागीय र एक गैर आवासीय नेपाली सङ्घ(एनआरएन) गरी कूल ११ टोलीबीच प्रतिस्पर्धा हुने नवौँ राष्ट्रिय खेलकुदमा एक हजारभन्दा बढी पदकका लागि प्रतिस्पर्धा हुने राष्ट्रिय खेलकुद परिषद्का सदस्य सचिव टङ्कलाल घिसिङले जानकारी दिनुभयो।

यस राष्ट्रिय खेलकुदमा स्वर्ण तीन सय ९३, रजत तीन सय ९३ र कास्य छ सय पदकका लागि प्रतिस्पर्धा हुनेछ। यस राष्ट्रिय खेलकुदले धेरै खेलाडीका लागि उनीहरूको खेल जगतको सुनौलो भविष्यको मार्ग तय गर्ने उहाँले बताउनुभयो।

## आचारसंहिता अनुगमन ...

जनाएको छ। महासंघले तत्काल सच्याएर सबै सञ्चारमाध्यमलाई समान व्यवहार गर्न र अनलाइन सञ्चारमाध्यमले पनि निर्वाचनका प्रचार/प्रसारसम्बन्धी विज्ञापन प्रकाशन तथा प्रसारण गर्न पाउने व्यवस्था गर्नुपर्ने महासंघको माग छ।

## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आवश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर)।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५_६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ। तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी_१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी_२ | स्टोकिङ्ग डेन्सिटी_३ | स्टोकिङ्ग डेन्सिटी_४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | धाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
मोवाईल नं. ९८५२८२०९३५


**उत्पादन बढाऔं र औद्योगिकीकरणमा सहयोग गरौं**

- विलासिताका वस्तु तथा सेवाको उपयोग घटाऔं।
- देखासिकी नगरौं, आफ्नो आर्थिक क्षमताको पहिचान गरौं।
- आर्थिक मितव्ययी बनौं, फजुल खर्च नगरौं।
- रकम बचत गरी विश्वसनीय बैंक तथा वित्तीय संस्थामा जम्मा गरौं।
- स्थानीय स्रोत र साधन परिचालन गरी उत्पादन बढाऔं।
- आर्थिक रुपमा सक्षम बनौं, राष्ट्रिय पूँजी निर्माणमा योगदान पुऱ्याऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।
हाम्रो सेवाहरु → ipay remit, City Express Money Transfer, Best Remit, Prabhu Money Transfer, IME International Money Express, himal remit हिमालरेमिट, CG Money
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*